**मिति २०७७।०६।२२ गते बसेको ६९औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १** यस गैंडाकोट नगरपालिका अन्तर्गत पुर्व-पश्चिम राजमार्गमा सडक विस्तारको कार्य "नारायणगढ बुटवल सडक परियोजना (पूर्वी खण्ड)" अन्तर्गत भइरहेको र सो अन्तर्गत नारायणी नदीको पुल (चेनेज 0+000) बाट जयश्री खोला हुँदै थुम्सी खोला (चेनेज ७ +000) सम्मको वडा नं. २, ४, ५, ७ , ८ र ९ को क्षेत्रमा वर्षातमा पानीको निकास नभई डुबानमा पर्ने समस्या रहेकोले हाल सडक विस्तारको क्रममा निर्माण गरिने नालाले वर्षातको बेलाको पानी थेग्न नसक्ने देखिएकोले यस क्षेत्रमा आवश्यकता वमोजिमको नाला निर्माण गर्ने गरी आवश्यक डिजाइन संशोधनको लागि नेपाल सरकार, सडक बिभाग, आयोजना निर्देशनालय (ADB), SASEC सडक सुधार परियोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.** २ यस नगरपालिकाको विभिन्न स्थानमा बाढी तथा भलका कारण हुने डुवान र कटान समस्याको दिर्घकालीन समाधानको लागि मिति २०७७।०६।०९ को विपद् व्यवस्थापन समितिको सिफारिस बमोजिम विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.** ३ गैंडाकोट नगरपालिकाको नगर शिक्षा समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका विद्यालयहरुलाई शैक्षिक सत्र २०७७ देखि कक्षा / तह थपका लागि अनुमति दिने निर्णय गरियो ।

तपशील:

| क्र.स. | विद्यालयको नाम | वडा नं. | सामुदायिक/ संस्थागत | थप माग भएको कक्षा/ तह | अनुमति दिने निर्णय भएको |
|---|---|---|---|---|---|
| १ | बालउदय आ.वि. | १५ | सामुदायिक | आ.वि, कक्षा ४ | माग अनुसार ४ कक्षा सञ्चालनको अनुमति दिने |
| २ | रत्नराज्य लक्ष्मी मा.वि. | १० | सामुदायिक | मा.वि., प्राविधिक धार कक्षा १० | माग अनुसारको कक्षा १० सञ्चालनको अनुमति दिने |
| ३ | रामानुज बेद विद्याश्रम | १ | सामुदायिक | मा.वि. , कक्षा १० | माग अनुसारको कक्षा १० सञ्चालनको अनुमति दिने |
| ४ | ज्ञानकुञ्ज ई.बो.स्कुल | ८ | संस्थागत | मा.वि., कक्षा १० | माग अनुसारको कक्षा १० सञ्चालनको अनुमति दिने |
| ५ | एभरग्रिन एकेडेमी | २ | संस्थागत | आ.वि., कक्षा ७ | माग अनुसारको कक्षा ७ सञ्चालनको अनुमति दिने |
| ६ | सरस्वती बाल शिक्षा सदन | १ | संस्थागत | आ.वि., कक्षा ५ | माग अनुसारको कक्षा ५ सञ्चालनको अनुमति दिने |
| ७ | स्मल हार्ट एकेडेमी | ४ | संस्थागत | आ.वि., कक्षा ५ | माग अनुसारको कक्षा ५ सञ्चालनको अनुमति दिने |
| ८ | अक्फोर्ड मा.वि. | २ | संस्थागत | आ.वि.,कक्षा १ | माग अनुसारको कक्षा १ सञ्चालनको अनुमति दिने |
| ९ | मौलाकालिका संस्कृत विद्यापिठ गुरुकुलम् | १ | सामुदायिक | आधारभूत, कक्षा ६ | माग अनुसारको कक्षा ६ सञ्चालनको अनुमति दिने |
| १० | जुना प्रारम्भिक आ.वि. | ३ | सामुदायिक | पूर्व प्राथमिक, मन्टेश्वरी | माग अनुसारको पूर्व प्राथमिक तह सञ्चालनको अनुमति दिने |
| ११ | सरस्वति बाल शिक्षा | १८ | सामुदायिक | कक्षा १ | माग अनुसारको कक्षा १ सञ्चालनको अनुमति दिने |
| १२ | क्रिएटिभ माइन्ड एकेडेमी | २ | संस्थागत | पूर्व प्राथमिक तह/मन्टेश्वरी | माग अनुसारको पूर्व प्राथमिक तह सञ्चालनको अनुमति दिने |
| १३ | उज्वल मन्टेश्वरी (बेवी स्टार) | ५ | संस्थागत | पूर्व प्राथमिक तह/मन्टेश्वरी | माग अनुसारको पूर्व प्राथमिक तह सञ्चालनको अनुमति दिने |

Scanned with CamScanner

**निर्णय नं.** ४ गैंडाकोट नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को प्रक्रिया र मापदण्ड पुरा गरी पेश भएकोले "श्री भोलेबाबा एग्रिगेट ईन्डष्ट्रिज एण्ड कन्ट्रक्सन" गैंडाकोट - ५ लाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो।

**निर्णय नं .** ५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कोभिड-१९ महामारी व्यवस्थापन गर्न कुनै पनि सरकारी अस्पताल नभएका स्थानीय तहमा तत्काल ५ शैयाको अस्थायी अस्पताल संचालनका लागि कुल १० लाख दिने व्यवस्था सहित मन्त्रालयबाट जारी गरिएको "स्थानीय तहमा अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन,२०७७" मा "करारमा चिकित्सक / स्वास्थ्यकर्मी / कर्मचारी करारमा लिनु नपर्ने भएमा सो प्रयोजनका लागि विनियोजित रकमबाट सम्बन्धित स्थानीय तहले कार्यपालिकाको निर्णयले अस्पतालका लागि आवश्यक औजार उपकरण खरिद गर्न सकिने छ। " भन्ने उल्लेख भएको हुँदा प्रस्तावित गैंडाकोट नगर अस्पतालमा कार्यरत जनशक्तिबाट कोभिड-१९ अस्थायी अस्पताल संचालन गर्न सकिने र अन्य कर्मचारी आवश्यक भएमा स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरु खटाउन सकिने व्यवस्था रहेकोले सो प्रयोजनका लागि विनियोजित रकमबाट कोभिड-१९ अस्थायी अस्पतालका लागि आवश्यक औजार, उपकरण खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं.** ६ आ.व. ०७७/७८ को गण्डकी प्रदेश सरकारको समपुरक अनुदान तर्फको कार्यक्रममा स्वीकृत सभाहल निर्माण आयोजनाका लागि ६०:४० को अनुपातमा खर्च ब्यहोर्ने गरी विनियोजित बजेट रु १,००,००,०००/- (अक्षरुपी एक करोड मात्र) लाई अनुदानको शर्त बमोजिम ६०% मानी ठेक्का सम्झौतामा उल्लेखित ठेक अंकको ४० प्रतिशतले हुन आउने रकम आ.व. ०७७/७८ को लागि स्वीकृत समपुरक अनुदानबाट खर्च गर्ने साथै उक्त सभा हल नगरपालिका भवनमा तला थप गरी निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं .**७ आ.व. ०७७/७८ को संघीय सरकारको बिशेष अनुदान तर्फको कार्यक्रममा स्वीकृत गैंडाकोट वडा नं. १४ अन्तर्गत दिपज्योती आधारभूत विद्यालय निर्माण आयोजनाका लागि रु ८०,००,०००/- (अक्षरुपी असी लाख मात्र) बिनियोजित भएकोमा लागत अनुमान बमोजिम ठेक्का सम्झौतामा उल्लेख हुने ठेक अंकमा नपुग हुने रकम गत आ.व. को लागत सहभागिता शिर्षकमा वचत हुन आएको रकम मध्येबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं .**८ गैंडाकोट नगर क्षेत्रको फोहोर मैला ओसार्न प्रयोगमा आएको वडा नं ६ स्थित विद्यापीठ देखि नमूना बोटे टोल सम्मको बाटोलाई फोहोर मैला तर्फ विनियोजित बजेटबाट स्तरोन्नती गरी कालो पत्रे गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ९** यस नगरपालिकामा कार्यरत कतिपय कर्मचारीको संगठन संरचना बमोजिम दरबन्दी मिलान गरी सेवा ,सुविधामा पुनरावलोकन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक सुझाव समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. कार्यपालिकाले तोकेको २ जना पदाधिकारी

श्री कृष्ण प्रसाद न्यौपाने वडाध्यक्ष वडा नं. ४ - सदस्य

श्री पदम लाल पौडेल वडाध्यक्ष वडा नं. १३ - सदस्य

३. अधिकृतस्तरका २ जना कर्मचारी

श्री पुष्पराज शर्मा - सदस्य

श्री लक्ष्मीधर पौडेल - सदस्य

**निर्णय नं :१०** गैडाकोट नगरपालिकाको वडा नं. ५, ११, १६, १८ मा साविक बमोजिम स्वास्थ्य चौकी संचालनमा रहेकोमा वडा नं. १,४,६,७,१२,१३,१४ मा समेत आवश्यक जनशक्ति करार सेवामा लिई आधारभुत स्वास्थ्य इकाई संचालन गर्ने र वडा नं ३ को सहरी स्वास्थ्य केन्द्र लाई नै आधारभूत स्वास्थ्य इकाइको रुपमा परिणत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** यस गैंडाकोट नगरपालिका कार्यालयमा कार्यरत अन्य सेवा (स्थानीय सेवा) तर्फका (३२ जना) स्थायी कर्मचारीहरुको सावधिक जीवन बिमा मिति २०७७।०४।०१ देखि लागु हुने गरी कार्यालयका तर्फबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** यस नगरपालिकाबाट संचालन हुने विभिन्न विकास निर्माणका कार्यक्रमहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन हुने सम्पूर्ण योजना / कार्यक्रमहरु अनलाईन सफ्टवेयरको प्रयोग गरी व्यवस्थापन गर्ने र सो का लागि बिद्युतीय हस्ताक्षर (Digital Signature) लाई आधिकारिक मान्यता दिने निर्णय गरियो ।

**निर्णय नं. १३** कृषि विकास र पशु सेवा शाखा अन्तर्गत आ.व. २०७७/०७८ मा संचालन गर्ने संघीय सरकारको शसर्त अनुदान तर्फका कार्यक्रमको लागत साझेदारी सम्बन्धित लाभग्राही कृषक, समूह, संस्था वा सहकारीले नै गर्नुपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

गैडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७४

**निर्णय नं. १४** विश्वव्यापी फैलिएको कोभिड-१९ का कारणले उत्पन्न बिशेष परिस्थिति र यसै वीचमा नेपाल सरकारले जारी गरेको बन्दाबन्दीको कारण यस नगरपालिकाले बिभिन्न आर्थिक स्रोतबाट (संघिय सरकार,गण्डकी प्रदेश सरकार तथा आन्तरिक स्रोतबाट समेत) लगानी गर्ने गरी गत आ.व.मा सम्झौता भई कार्यान्वयनमा रहेका निर्माण खरिदका कार्यक्रमहरु समयमा सम्पन्न हुन नसकेकाले उक्त सम्झौताहरुलाई सार्वजनिक खरिद ऐन-२०६३ को दफा-५६ र सार्वजनिक खरिद नियमावली-२०६४ को नियम १२० तथा मिति २०७७/०३/२९ को मन्त्रिपरिषद बैठकबाट भएको निर्णयानुसार देहाय बमोजिमका ठेक्काहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | कार्यकमको नाम | ठेक्का नम्बर | सम्झौता मिति | सम्झौता अनुसार ठेक्का समाप्ति मिति | म्याद थप भए पछीको ठेक्का समाप्ति मिति | म्याद थप अबधी |
|---|---|---|---|---|---|---|
| १. | संयुक्त वार्ड कार्यालय वार्ड नं.१० र ११ निर्माण | 05/GM/NCB/076/077 | २०७७०२२२ | २०७७०३२५ | २०७७०९२५ | ६ महिना |
| २. | कबर्ड हल निर्माण | 04/GM/NCB/076/077 | २०७७०२२२ | २०७७०३२५ | २०७७०९२५ | ६ महिना |
| ३. | बहुउद्देश्यीय भवन वार्ड नं. ३ | 01/GM/NCB/076/077 | २०७७१११८ | २०७७०३१५ | २०७७१०१५ | ७ महिना |
| ४. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण प्रथम चरणमा निर्माणधीनवार्ड नं. १,३,४,६,७,८,१२,१३,१४ | 03/GM/NCB/075-76 देखि 13/GM/NCB/075-76 | २०७६०७०७ | २०७७०२१५ | २०७७०९१५ | ७ महिना |
| ५. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण दोस्रो चरण। ९ र १७ नं. वार्ड | 02/GM/NCB/076/077 र 03/GM/NCB/076/077 | २०७७०२२२ | २०७७०३२५ | २०७७०९१५ | ६ महिना |
| ६. | बिजयज्योति आधारभूत बिद्यालय | 06/GM/NCB/076/077 | २०७७०२२२ | २०७७०३२५ | २०७७०९१५ | ६ महिना |

२०७७/५/२२

बिष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

बिष्णु प्रसाद पुसाल
प्रमुख प्रशासकीय अधिकृत

छत्रराज पौडेल
नगर प्रमुख

Scanned with CamScanner